# बाह्रौं गाउँसभाको बैठकमा २०८० असार १० गते दिछेन शेर्पा ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

## भोटेकोशी गाउँपालिका

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

मिति २०८० असार १०

सभाध्यक्ष महोदय,

१. नेपालको संविधान, २०७२ को धारा २०७ वमोजिम भोटेकोशी गाउँपालिकाको गाउँसभाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय र व्ययको विवरण पेश गर्न उपस्थित भएको छु ।
२. यस महत्वपुर्ण अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएको राजनीतिक आन्दोलनहरुमा जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवङ्गत सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्न चाहान्छु ।
३. नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको विधिद्वारा सुशासन , विकास र सम्वृद्धि हासिल गर्न उपलव्ध स्रोत र साधनलाई अधिकतम ढंगवाट परिचालन गरि भोटेकोशीका नागरिकहरुको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवाद उन्मुख समृद्ध एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सघाउ पुग्ने गरि कार्यक्रम तथा वजेट तर्जुमा गरेको छु ।

सभाध्यक्ष महोदय,

४. नेपालको संविधान, २०७२ को धारा २१४ को अधिनमा रहि आज म भोटेकोशी गाउँपालिकाको बाह्रौं गाउँसभामा बजेट प्रस्तुत गर्न गइरहेको छु ।
५. सर्वप्रथम चालु आर्थिक वर्ष २०७९/०८० को आर्थिक गतिविधि तथा वजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।
६. चालु आर्थिक वर्षको कुल विनियोजित रकम रु ६० करोड २ लाख २१ हजार मध्ये ९० प्रतिशत खर्च हुने अनुमान छ । विनियोजन मध्ये चालु तर्फ ८० प्रतिशत र पुँजीगत तर्फ ९० प्रतिशत खर्च हुने संशोधित अनुमान छ । संघीय समानिकरण र संघीय राजश्वमा संकुचनका कारण अनुमान भन्दा कम रकम प्राप्त भइरहेको परिस्थितिमा चालु आर्थिक वर्षमा गाउँपालिकाको आन्तरिक राजश्व रु २ करोड अनुमान गरिएकोमा हाल सम्म २ करोड ३ लाख संकलन भइ आन्तरिक राजश्वतर्फको लक्ष्य पूरा भएको छ । चालु आवको अन्तसम्म लक्ष्य भन्दा २५ प्रतिशत बढि आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ ।
७. अव म चालु आर्थिक वर्षमा वजेटको चुनौति र अवसर प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
८. आधारभुत अस्पताल निर्माण तथा व्यवस्थापन पूर्ण रुपमा संचालन गर्न यस वर्ष सम्भव हुन सकेको छैन । अन्तराष्ट्रिय कोदारी नाका सञ्चालन हुन नसक्दा समग्र व्यापार व्यवसाय, पर्यटन सकारात्मक हुन सकेको छैन । जलविद्युत कम्पनीहरुवाट अपेक्षा गरे अनुरुप राजश्व संकलन हुन नसक्दा आन्तरिक आम्दानीतर्फ अनुमानित राजश्व संकलनमा कमि हुन गइ खर्च भुक्तानिमा दवाव सिर्जना भएको छ । स्थायी तथा दक्ष शिक्षक टिकाउनुका साथै आकर्षण गर्न नसक्दा समग्र शिक्षण कार्यमा स्थिरता कायम गर्न चुनौतिपूर्ण रहेको छ ।

९. यस वर्ष पूर्वाधार तर्फ चाँकु मार्मिङ सडक स्तरोन्ती भएको छ र यसले गाउँपालिकावाट पनि ढलान र नाला सहितको सडक निर्माण गर्न सकिने विश्वास जगाएको छ । गाउँपालिकाको आफ्नो प्रशासकिय भवन सम्पन्न भइ कार्यालय स्तानान्तरणको संघारमा रहेको छ ।पहिलो पटक सवै वडा कार्यालय जाने सडकहरु वार्है महिना सुचारु भएको छ ।विद्यालयका पूर्वाधारहरु पालिकावाट सम्पन्न भएको छ । एक घर एक टनेल कार्यक्रम मार्फत कृषि उत्पादनमा वृद्धि भएको छ ।थप १ वटा बर्थिङ सेन्टर र थेरापी केन्द्र स्थापना भइ सेवा प्रवाह प्रदान गरिरहेको छ। समग्रमा अन्य आर्थिक वर्ष भन्दा धेरै योजना तथा आयोजनाहरु समयमै सम्पन्न भइ विकासमा सकारात्मक प्रभाव पारेको छ । कृषि,पशु सेवा तर्फ उल्लेखनीय कार्यहरु जस्तै किवि खेती, आलु पकेट क्षेत्र, चौरी संरक्षण, बाख्रापालन जस्ता ब्यवसायिक कार्यक्रमहरु सम्पन्न भएका छन् । गाउँपालिकालाई विपदवाट जोगाउन विपद प्रतिकार्य योजना , रेस्क्यु तालिम र प्रत्येक वडामा विपद सामाग्री व्यवस्थापन गरिएको छ ।

**<u>आ.व. २०८०/८१ को वजेटका उद्देश्यहरु</u> :**

- ठुला पूर्वाधारका योजनाहरु वहुवर्षे ठेक्का मार्फत संचालन गर्ने
- अधुरा योजनाहरु सम्पन्न गर्ने तथा लागत अनुमानका आधारमा वजेट विनियोजन गर्ने।
- गुणस्तरीय शिक्षा र स्वास्थ्य प्रदान गर्न जनशक्ति,पूर्वाधार र तालिम व्यवस्थापन गर्ने ।
- कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण,व्यसायीकरण र यान्त्रिकिकरण गर्ने ।
- विपद न्यूनिकरण तथा जोखिम व्यवस्थापनको लागि स्रोत सुनिश्चित गर्ने ।
- पर्यटन क्षेत्रलक्षित योजना निर्माण, प्रचारप्रसारमा जोड दिने ।
- सहकारी क्षेत्रलाई नियमन गरि उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।
- तालिम प्राप्त जनशक्ति उत्पादन गरि लघुउद्यम मार्फत स्वरोजगारी तथा विभिन्न पेशा व्यवसायमा रोजगारी सिर्जना गर्ने ।

१०. अव विषयगत तथा क्षेत्रगत रुपमा आगामी आ.व. २०८०/०८१ को लागि प्रस्तावित कार्यक्रम र वजेट विनियोजन प्रस्तुत गर्दछु ।

**<u>पूर्वाधार विकासतर्फ</u> :**

११. पूर्वाधारमा रहेको अभावलाई कम गर्न आगामी आ.व. २०८०/०८१ मा उच्च प्राथमिकताका साथ पूर्वाधार विकासमा सवै भन्दा वढि वजेट विनियोजन गरेको छु ।

१२. आगामी आर्थिक वर्ष सवै वडा कार्यालय सम्मको मोटरवाटो, सहायक मुख्य वाटो स्तरोन्नती गर्न वहुवर्षिय ठेक्का मार्फत पाँचै वडामा आगामी २ वर्ष भित्र काम गर्न रु २५ करोड लागत अनुमानको कार्य सम्पन्न गर्ने गरि आगामी वर्षको रोयल्टि बाँडफाँड राजश्ववाट रु ११ करोड वजेटको व्यवस्था गरेको छु । नपुग हुने १४ करोड रकम आ.व. २०८१/८२ वाट व्यवस्थापन हुने प्रवन्ध गरेको छु ।

१३. पालिका पूर्वाधार तर्फ प्रशासकीय भवन,वुद्ध पार्क, वडा नं ५ सामुदायिक भवन, श्रीचौर खेलमैदान लगायतका पूर्वाधार निर्माण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

१४. गतवर्ष सुरु गरिएको चाँकु मार्मिङ सडकको निर्माणलाई निरन्तरता दिँदै रु १ करोड २४ लाख रकम विनियोजन गरेको छु । साथै पालिका तथा वडास्तरीय अधुरो योजनाहरु पुरा गर्न थप ७६ लाख रकमको व्यवस्था गरि हरेक योजना सम्पन्न गर्दै जाने नीति लिएको छु ।

१५. विद्यालयको न्यूनतम मापदण्ड पुरा गर्नका लागि आवश्यक भवन निर्माण, घेरावार निर्माण, फर्निचर निर्माण लगायतका भौतिक सुधार गर्न पर्याप्त वजेटको व्यवस्था मिलाएको छु ।

१६. भोटेकोशी गाउँपालिकाको ५ वटै वडाहरुलाई जनसंख्या र भुगोलको अवस्थालाई मध्यनजर गरी समानुपातिक विकास गर्न रु ४ करोड ४५ लाख रकम विनियोजन गरेको छु ।

१७. पालिका र वडा गरि पूर्वाधार विकास तर्फ आगामी आर्थिक बर्षमा रु ३० करोड ८० लाख ५० हजार रुपैया खर्च हुने अनुमान गरेको छु । पूर्वाधार तर्फ पालिकावाट विभाजन हुने कुल वजेटको ५४ प्रतिशत रकम विनियोजन गरेको छु ।

**आर्थिक विकास तर्फ :**

**१८.** कृषि तर्फ तुलनात्मक लाभको क्षेत्रहरु मध्ये आलु उत्पादन एक प्रमुख क्षेत्र हो। तसर्थ आलु पकेट क्षेत्र विकासका साथै रस्टिक (कोल्ड) स्टोर मार्फत किसानहरुलाई उत्पादनमा प्रोत्साहन गर्न रु ८० लाख विनियोजन गरेको छु ।अत्यन्त महत्वका साथ शुरु गरिएको एक घर एक टनेल कार्यक्रम प्रभावकारी भएको हुँदा यस कार्यक्रमलाई निरन्तरता दिएको छु । यसवाट किसान विस्तारै निर्वाहमुखि खेती प्रणालीवाट नाफामूलक खेती प्रणालीमा जाने विश्वास लिएको छु । कृषि क्षेत्रको वृहत्तर विकासका लागि रु २ करोड ३७ लाख विनियोजन गरेको छु ।

**१९.** पशुपालन तर्फ रैथाने जातको लोकल कुखुरा प्रवर्द्धन तथा संरक्षण गर्न रु २५ लाख वजेट प्रवन्ध गरेको छु ।हाम्रो जस्तो भोगौलिक परिवेशमा पशु सेवाको उच्च सम्भावना भएको हुँदा पशु सेवालाई प्राथमिकतामा राखि अण्डा र मासुमा लगायतका पशुजन्य वस्तुमा आत्मनिर्भर हुन पशुसेवा तर्फ रु १ करोड ९ लाख वजेट छुट्याएको छु ।

२०. आन्तरिक राजश्व तर्फ करको दायरा फराकिलो गरि राजश्वमा वृद्धि गर्नुका साथै राजश्वप्रति सकारात्मक भावना बढाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**२१.** पर्यटकीय पालिका भोटेकोशीलाई पर्यटकमैत्री बनाउन, ऐतिहासिक पहिचानलाई नेपाल तथा विदेशमा समेत परिचित गराउन र पर्यटन प्रवर्द्धन कार्यक्रमहरुको सञ्चालन गरी जनताको जीवनस्तर वृद्धि गर्न रु १ करोड ५० लाख रुपैया विनियोजन गरेको छु।

२२. सहकारीमा लगानी गरिएको आमजनताको पुँजी सुरक्षित गर्न कडाइका साथ नियमन गर्न, सहकारीलाई कानुनी परामर्श उपलव्ध गराउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२३. साना तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्न, व्यक्तिलाई स्वरोजगार, उद्यमशील बन्न प्रेरित गर्न, उत्पादित सामानको वजारिकरण गर्न उद्यम विकास तर्फ रु ५० लाख वजेट विनियोजन गरेको छु।

२४. नेपाल सरकारको कम्तीमा १०० दिन रोजगार दिने नीति अनुसार बेरोजगार व्यक्तिलाई रोजगारको सुनिश्चित गर्न र पालिका पूर्वाधार निर्माणमा थप टेवा पुऱ्याउन रोजगार सेवा इकाईलाई आगामी आ.व निरन्तरता दिन रु ३१ लाख ५० हजार विनियोजन गरेको छु ।

**<u>सामाजिक विकास तर्फ</u>** :

२५. मानवीय विकास विना अन्य क्षेत्रको विकास अधुरो रहने विषयलाई मध्यनजर गर्दै महिला, जनजाति, बालबालिका, सिमान्तकृत नागरिक, अल्पसंख्यक र जेष्ठ नागरिकको सुरक्षा, आयआर्जन तथा विकासलाई प्राथमिकतामा राखेको छु। जेष्ठ नागरिक, आश्रयविहिन एकल महिला तथा पुरुषहरुको वाहिरि भेटघाट तथा संरक्षणका लागि लागि हाम्रो घर मिलन केन्द्र भवन निर्माणार्थ रु २५ लाख वजेटको प्रवन्ध मिलाएको छु । समग्र महिला,वालवालिका तथा जेष्ठ नागरिक तर्फ आगामी आर्थिक वर्षको लागि रु १ करोड ३८ लाख रकम विनियोजन गरेको छु ।

२६. विद्यालयको आधारशिला मानिएको वालविकास केन्द्रलाई विस्तार गरि सवै विद्यालयमा पुऱ्याउन, प्रधानाध्यापकलाई उत्प्रेरित गर्न, कक्षा १२ सम्म निशुल्क शिक्षा प्रदान गर्न पर्याप्त वजेटको वन्दोवस्त मिलाएको छु ।हाल कक्षा ६ सम्म रहेको विद्यालय दिवा खाजालाई कक्षा १० सम्म विस्तार गर्न रु ४५ लाख रकमको व्यवस्था गरेको छु ।गुणस्तरीय शिक्षा प्रदान गर्न, व्यक्तिको सर्वाङ्गीण विकास गर्न आगामी वर्ष शिक्षा ,युवा तथा खेलकुद तर्फ रु ५ करोड ११ लाख ९१ हजार वजेट विनियोजन गरेको छु । शिक्षा तर्फ पालिकावाट विभाजन हुने शसर्त वाहेक कुल वजेटको ८.१ प्रतिशत रकम विनियोजन गरेको छु ।

२७. गुणस्तरीय स्वास्थ्यको उपचारःजनताको अधिकार भन्ने नेपाल सरकारको नीति कार्यक्रमलाई पालिका स्तरमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु । ZERO HOME DELIVERY कार्यक्रमलाई सवै गर्भवती आमाहरुको पहुँचमा पुऱ्याउन बर्थिङ सेन्टरको विस्तार गरिनेछ । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु पालिकाको दायित्वलाई बोध गरि स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिदै स्वास्थ्यका नियमित सम्पूर्ण कार्यक्रमको निरन्तरता दिँदै स्वास्थ्य तर्फ रु १ करोड ३७ लाख ८४ हजार रकम व्यवस्था गरेको छु ।

२८. सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल बनाउन, घटना दर्तालाई विद्युतीय प्रणालि मार्फत पञ्जीकरण गर्नका लागि आवश्यक पर्ने वजेटको व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

**<u>वातावरण तथा विपद व्यवस्थापन तर्फ</u>** :

२९. भोटेकोशी गाउँपालिकामा सञ्चालन हुने विकास निर्माण, खानी उत्खनन्, गिट्टि वालुवा उत्खनन् लगायतका ठुला आयोजनाहरु शुरु गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का आधारमा गरिनेछ ।

३०. जैविक प्रविधी मार्फत बाढी पहिरो तथा भूक्षयको न्यूनीकरणका लागि वृक्षरोपण, डढेलो नियन्त्रण कार्यक्रम मार्फत बनजंगल संरक्षण, संवर्द्धन गरिने नीति अख्तियार गरिनेछ ।

३१. हाम्रो गाउँपालिका बाढि,पहिरो,भुकम्प जस्ता विपदको उच्च जोखिम क्षेत्रमा रहेको हुँदा समुदायमा आधारित विपद व्यवस्थापन तथा पूर्व तयारी योजनाका लागि विपद व्यवस्थापन कोष स्थापनार्थ रु ७० लाख रकम विनियोजन गरेको छु ।

३२. फोहोमैलाको उचित व्यवस्थापनका लागि तातोपानीमा डम्पिङ साइट निर्माणका साथै फोहोरमैला संकलन गर्नका लागि सवारीसाधन व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु । आगामी आर्थिक बर्षको लागि वातावरण तथा विपद व्यवस्थापन तर्फ २ करोड ६२ लाख रुपैया बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

**<u>संस्थागत विकास तथा सेवा प्रवाह तथा सुशासन तर्फ</u> :**

३३. कार्यालयवाट प्रवाह हुने दैनिक प्रशासन लगायतका सेवा प्रवाहलाई सुचना प्रविधि, अनलाइनको उपयोगवाट सेवाग्राहीमैत्री वनाइनेछ। साथै वडास्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत काम कार्वाहीलाई पारदर्शी र जवाफदेहि वनाउनुका साथै अनलाइन मार्फत सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३४. कर्मचारीहरुलाई सेवा प्रवाहमा उत्प्रेरित गर्न विगत वर्ष देखि नै प्रदान गरिएको कर्मचारी प्रोत्साहन खर्च कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु ।

३५. न्यायिक सम्पादन कार्यलाई व्यवस्थित गर्न न्यायिक समितिका सदस्य तथा मेलमिलाप सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३६. आर्थिक अनुशासन र पारदर्शीतालाई मध्यनजर गरी सबै योजना तथा कार्यक्रमहरुको काम गर्नु पूर्वको अनुगमन तथा कार्य सम्पन्न पश्चातको अनुगमनका आधारमा भुक्तानि प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

३७. लेखा परीक्षण कार्य सहज र अनुमानयोग्य बनाउन, प्रकिया तथा मापदण्ड वमोजिम कार्यसम्पादनका लागि प्रोत्साहन गर्न आन्तरिक लेखा परीक्षण कार्यलाई सक्षम बनाइ बेरुजु रकम तथा नीतिगत बेरुजु लाई कम गर्दै लगिनेछ ।

सभाध्यक्ष महोदय,

३८. अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि माथि प्रस्तुत गरिएको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३९. भोटेकोशी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चालु तर्फ ३३ करोड ८७ लाख ११ हजार ५ सय र पूँजीगत तर्फ रु ४२ करोड ७४ लाख गरि जम्मा रु ७६ करोड ६१ लाख ११ हजार ५ सय रकम विनियोजन गरेको छु ।ठुला योजनाहरु

संचालन गरि भोटेकोशी गाउँपालिकालाई छिट्टै विकसित बनाउन चालु वर्षको तुलनामा करिव २५ प्रतिशत वढिको वजेट कार्यक्रम ल्याएको छु ।

४०. गाउँपालिकाबाट विभाजन हुने ५७ करोड १ लाख ५६ हजार ५ सय मध्ये पालिका पूर्वाधार तथा वडा तर्फ २६ करोड ४८ लाख, पूर्वाधार शाखा ४ करोड ३२ लाख ५० हजार, आर्थिक विकास तर्फ ५ करोड ९१ लाख ५० हजार , सामाजिक विकास तर्फ ७ करोड ९४ लाख २५ हजार , वातावरण तथा विपद् व्यवस्थापन तर्फ २ करोड ६२ लाख, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ ८५ लाख ५० हजार, कार्यलय संचालन खर्च तर्फ ८ करोड ८७ लाख ८१ हजार ५ सय रकम विषयगत क्षेत्र तर्फ विभाजन गरेको छु ।

४१. आगामी आर्थिक वर्षका लागि खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकार सर्शत चालु अनुदान बाट १३ करोड ३२ लाख रुपैंया, संघीय सरकार सर्शत पुंजीगत अनुदान बाट २ करोड १० लाख रुपैंया, वित्तिय समानिकरण अनुदान बाट १० करोड ५२ लाख, संघीय समपुरकवाट ५० लाख र राजश्व बाडँफाडबाट ८ करोड २७ लाख ४७ हजार रकम प्राप्त हुनेछ । त्यस्तै बागमती प्रदेश सरकार शसर्त पुंजीगत अनुदानबाट १ करोड २५ लाख, वित्तिय समानिकरण अनुदान बाट १ करोड ६९ लाख ८ हजार, राजस्व बाडँफाड बाट २ करोड ४४ लाख ९८ हजार, प्रदेश शसर्त चालु वाट ७२ लाख ५५ हजार, प्रदेश समपुरक वाट ५० लाख रकम प्राप्त हुनेछ । त्यसैगरी, भोटेकोशी गाउँपालिकाको आन्तरिक श्रोत मध्ये आन्तरिक राजश्वबाट ५ करोड ७० लाख १२ हजार १ सय ९७ , आ.व. २०७९/८० को गाउँपालिकाको बैंक मौज्दात र ०७९/८० मा प्राप्त रोयल्टिवाट वचत हुने वैक अल्यावाट १८ करोड प्राप्त भई आन्तरिक स्रोत २३ करोड ७० लाख १२ हजार १ सय ९७ हुने अनुमान गरेको छु । आ.व. ८०/८१ मा राजश्व बाँडफाँड रोयल्टिवाट ११ करोड प्राप्त हुने अनुमान गरेको छु ।

४२. आर्थिक ऐन, विनियोजन ऐन ,वहुवर्षिय योजना, क्रमागत योजना,आर्थिक विकास, सामाजिक विकास , पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास तथा सेवा प्रवाह , सम्पूर्ण वडा स्तरीय योजना तथा कार्यक्रम , गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अनुसूचिमा उल्लेख भए वमोजिम रहेका छन जुन वेवसाइटका साथै पुस्तकको रुपमा सार्वजनिक गराउने व्यवस्था मिलाएको छु ।

४३. अन्त्यमा यस गाउँपालिकाको वार्षिक वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्‍याउनुहुने जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पुर्ण कर्मचारीज्यूहरु तथा यो कार्यक्रम तयार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सघाउ पुर्‍याउनुहुने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद ।**

दिछेन शेर्पा
उपाध्यक्ष
भोटेकोशी गाउँपालिका